दर्ता नं.: १७०४३७/०७३/०७४
पान नं.: ६०२४२४७५०
सुपरमाई हाईड्रोपावर लि.
सुपरमाई हाईड्रोपावर
सुपरमाई हाईड्रोपावर परियोजना ७.८ MW.ईलाम

प.सं. आ.व २०८२/८३
चं.नं. SHM/०८२/८३-१००

मिति : २०८२।१०।२३

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

**बिषय : एघारौं वार्षिक साधारण सभा तथा शेयर दर्ता पुस्तिका बन्द (Book Close) सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०८२।१०।२० गते मंगलबार साँझ ५.०० बजे बसेको १३२ औं बैठकको निर्णयानुसार कम्पनीको एघारौं वार्षिक साधारण सभा तपसीलको मिति, स्थान र समयमा बस्ने तथा सोको लागि मिति २०८२/११/१३ गते १ दिनका लागि शेयर दर्ता पुस्तिका बन्द रहने ब्यहोरा सहितको जानकारी आर्थिक राष्ट्रिय दैनिक पत्रिका मार्फत शेयरधनी तथा सर्वसाधारणहरुको लागि जानकारीको प्रकाशित गरिएको ब्यहोरा अनुरोध गर्दछु । साथै सोको जानकारी आधिकारीक वेबसाइट www.supermaihydro.com.np मा समेत राखिएको ब्यहोरा अनुरोध छ ।

**तपसील:**
**क) एघारौं वार्षिक साधारण सभा**
**मिति : २०८२/११/१७ गते** ( तदनुसार March 01, 2026) आईतबार ।
**स्थान** : लिसरा रिसेप्सन्स् प्रा.लि-नक्साल काठमाण्डौ ।
( Lisara Receptions Private Limited, Naxal, Kathamndu)
**समय** : बिहान १०:०० बजे

भवदीय,
सुपरमाई हाईड्रोपावर लिमिटेड
.....................
(रवि पौडेल)
प्रमुख कार्यकारी अधिकृत

१. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।
२. श्री सिडिएस एण्ड क्लियरिङ लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
३. श्री विद्युत नियमन आयोग, सानो गौचन, काठमाण्डौं ।
४. श्री विद्युत बिकास बिभाग, सानो गौचन, काठमाण्डौं ।
५. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं ।
६. श्री माछापुच्छ्रे क्यापिटल लिमिटेड, बागदरबार, काठमाण्डौ ।

# सुपरमाई हाईड्रोपावर लिमिटेड

Supermai Hydropower

**रजिष्टर्ड कार्यालय का.म.न.पा.–३० काठमाण्डौँ**

**फोन नं–०१४५४११३७**

Email: supermaihydropower@gmail.com,
web: https://supermaihydro.com.np


## एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२ माघ २५ गते, (February 08, 2026)**

**आदरणीय श्री शेयरधनी महानुभावहरु,**

सुपरमाई हाईड्रोपावर लिमिटेडको मिति २०८२/१०/२० मा बसेको संचालक समितिको १३२ औं वैठकको निर्णयानुसार देहायका विषयहरु उपर छलफल गर्न कम्पनीको एघारौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा वस्ने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ वमोजिम यो सुचना प्रकाशित गरीएको छ ।

**एघारौं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

**मिति : २०८२/११/१७ गते** (तदनुसार March 01, 2026) आईतबार **।**

**स्थान** : लिसरा रिसेप्सन्स् प्रा.लि-नक्साल काठमाण्डौ ।

(Lisara Receptions Private Limited, Naxal, Kathamndu)

**समय** : बिहान १०:०० बजे

**एघारौं वार्षिक साधारण सभामा छलफलका विषयहरु**

**१. सामान्य प्रस्ताव**

१.१ संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

१.२ आ.व. २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्वन्धमा ।

१.३ कम्पनी ऐन २०६३ को दफा १११ वमोजिम आ.व. २०८२।८३ को लागि लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा । (साबिक कै लेखापरीक्षक श्री सुजन एस. एण्ड एशोसिएट्स चार्टड एकाउण्टेन्टसलाई साबिक कै पारिश्रमिकमा पुन: लेखापरीक्षक नियुक्तिको लागि सिफारिस गरिएको)

१.४ संचालक समितिवाट मनोनित गरि रिक्त संचालक पदमा नियुक्ति गरिएका संचालकहरुको अनुमोदन गर्ने सम्वन्धमा ।

१.५ संचालक समितिले सिफारिस गरे बमोजिम रु.५९,२७,९७७।८९ (उन्साठी लाख सत्ताईस हजार नौं सय सतहत्तर र पैसा उनानव्वे मात्र कर प्रयोजनको लागि) नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।

**२. बिशेष प्रस्ताव**

२.१ संचालक समितिले सिफारिस गरे वमोजिम चुक्ता पुंजीको २० प्रतिशत अर्थात १०७०००० कित्ता शेयर प्रति कित्ता रु.१०० का दरले कुल रु.१०,७०,००,०००/- (अक्षरुपी दश करोड सत्तरी लाख मात्र) बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्वन्धमा ।

२.२ कम्पनीको चुक्ता पुंजीको १ : १ हकप्रद शेयर निस्काशन गर्ने सम्वन्धमा ।

२.३ कम्पनीको पुंजीको संरचना परिवर्तन गर्ने र सोही वमोजीम प्रवन्ध पत्रको दफा ६(क) (ख) (ग) संशोधन गर्ने सम्वन्धमा ।

२.४ पुंजीको संरचना परिवर्तन गर्न र बोनस तथा हकप्रद शेयर जारी गर्ने सम्वन्धमा नियमक निकायहरुबाट कुनै पनि किसिमको सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार संशोधन गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धमा ।

**३. बिबिध**

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**

१. प्रोक्सी मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी पेश गरिसक्नु पर्नेछ। एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

२. सभामा भाग लिन आउनुहुने महानुभावहरुले परिचय खुल्ने परिचय पत्र वा आफ्नो शेयर प्रमाण पत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाईने छ। हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहने छ ।

३. एघारौं वार्पिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८२।११।१३ गते एक दिनको लागि शेयर दाखिला खारेज बन्द (Book Close) रहनेछ । मिति २०८२।११।१२ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई यस कम्पनीको शेयर रजिष्टार श्री माछापुच्छ्रे क्यापिटल लिमिटेडमा प्राप्त शेयर नामसारी, दाखिला खारेजीको आधारमा शेयरधनी दर्ता पुस्तिकामा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन् ।

४. सभा सम्वन्धी अन्य बिस्तृत जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय काठमाण्डौ फोन नं. ०१-४५४११३७ वा मोवाईल नम्बर ९८५७०२९८२९ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

५. संचालक समितिको प्रतिवेदन लगाएतका बित्तीय विवरणहरु कम्पनीको केन्द्रीय कार्यालय वा सभा हुने दिन सभाहलमा उपलब्ध हुनेछ। यस सम्वन्धमा कम्पनीको website : www.supermaihydro.com.np मा पनि हेर्न सक्नुहुनेछ ।

सुपरमाई हाईड्रोपावर लिमिटेड